गाउँ सभा र नगर सभाको व्यवस्थापन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुने भए बमोजिम प्रदेश सभाले त्यस्तो कानून नबनाएसम्मको लागि त्यस्ता सभाको व्यवस्थापन कार्यविधिका निर्धारण गरी गाउँसभा र नगर सभाको कानून निर्माणको प्रक्रियालाई पारदर्शि, व्यवस्थित तथा सहभागिता मूलक बनाउन त्यस्तो सभाको कानून बनाउने प्रक्रिया निर्धारण गर्न आवश्यक भएकाले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएका छ ।

परिच्छेद–१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "गाउँ सभा र नगर सभाको व्यवस्थापन कार्यविधि ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको मिति देखी प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "विधेयक" भन्नाले सभामा पेश भएको ऐनको मस्यौदा सम्झनु पर्छ ।

(ख) "सभाको प्रमुख" भन्नाले गाउँसभा वा नगर सभाको प्रमुख सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँसभा र नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(घ) स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ ।

(ङ) "स्थानीय कानून" भन्नाले स्थानीय तहले संविधान बमोजिम आफनो अधिकारको विषयमा निर्माण गरेको ऐन वा नियमावली सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद–२

स्थानीय कानूनको मस्यौदा तयार गर्ने प्रक्रिया

३. **स्थानीय कानून बनाउने अधिकारको प्रयोग :**

(१) संविधानको अनुसूची-८ र अनुसूची-९ बमोजिमको विषयमा कानून बनाउने अधिकारको प्रयोग सभाबाट हुनेछ ।

(२) सभाले उपदफा (१) मा लेखिएका विषयहरुको अतिरिक्त संविधानको विभिन्न धारामा स्थानीय तहले कानून बनाउने गरी निर्धारण गरेको विषयमा समेत कानून बनाउने अधिकारको प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन सम्बन्धी नियमावली सम्बन्धित गाउँ वा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **कानून निर्माण प्रक्रिया निर्धारण गर्न सक्ने :**

स्थानीय तहले संविधान तथा यस ऐनको प्रतिकूल नहुने गरी आवश्यकता अनुसार आफनो कानून निर्माणको विस्तृत प्रक्रिया निर्धारण गर्न सक्नेछन ।

५. **कानून निर्माण गर्दा विचार गर्नु पर्ने :**

(१) स्थानीय तहले स्थानीय कानून निर्माण गर्दा अन्य कुराको अतिरिक्त देहायको विषयमा विचार गर्नु पर्नेछ :

(क) संविधान बमोजिम आफनो अधिकारको विषयमा पर्ने वा नपर्ने,

(ख) संविधान, संघीय कानून तथा प्रदेश कानूनको व्यवस्था,

(ग) त्यस्तो कानून, स्वच्छ, न्यायपूर्ण तथा तर्कसंगत हुन वा नहुने,

(घ) निर्माण गर्न लागिएको स्थानीय कानूनको व्यवहारिक कार्यान्वयन हुन सक्ने वा नसक्ने,

(ङ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा भएको आदेश,

(च) नेपाल सरकार, संघीय संसद, प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै विषयमा नमूना कानून वा आधारभूत कानूनको व्यवस्था गरेकोमा त्यस्तो व्यवस्था,

(छ) नेपालले अन्तराष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता,

(ज) सम्बन्धित स्थानीय तहले निर्माण गरेको अन्य स्थानीय कानूनहरुसँगको तालमेल तथा सौहार्दता,

(झ) जिल्लाभित्रका अन्य स्थानीय तह वा अन्य जिल्लासँग सिमाना जोडिएका स्थानीय तहको हकमा त्यस्ता जिल्लाका स्थानीय तहले बनाएको स्थानीय कानूनको व्यवस्था,

(ञ) गाउँकार्यपालिका वा नगरकार्यपालिकाले निर्धारण गरेका अन्य आवश्यक विषयहरु ।

(२) स्थानीय तहले संविधानको अनुसूची–९ को विषयमा स्थानीय कानून निर्माण गर्दा त्यस्तो विषयमा संघीय संसद वा प्रदेश सभाले बनाएको कानूनको प्रतिकूल नहुने गरी निर्माण गर्नु पर्नेछ ।

(३) एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा हुने वस्तु वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्ने वा कुनै किसिमको भेदभाव गर्न गरी स्थानीय कानून निर्माण गर्न हुँदैन ।

(४) स्थानीय कानूनहरु एक आपसमा बाझिने गरी निर्माण गर्न हुँदैन ।

६. **आवश्यकताको पहिचान गन :**

(१) स्थानीय तहले आफनो अधिकारको विषयमा विधेयक मस्यौदा तर्जुमा गर्नु अघि त्यस्तो विषयको स्थानीय कानून निर्माण गर्न आवश्यक रहे नरहेको विषयमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आवश्यकताको पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले नयाँ स्थानीय कानून बनाउनु पर्ने आधार र कारण, त्यस्तो विषयमा संघीय वा प्रदेश कानून भए नभएको, जिल्ला भित्रका र अन्य छिमेकी स्थानीय तहमा त्यस सम्बन्धी स्थानीय कानून निर्माण भए नभएको, स्थानीय कानून निर्माणपछि हासिल गर्न खोजिएको उपलब्धी, स्थानीय कानून कार्यान्वयनको लागि आवश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत, त्यस्तो स्रोत जुटाउनको लागि आवश्यक व्यवस्था र विधेयक मस्यौदामा रहने मुख्य मुख्य प्रावधानको समेत विश्लेषण गरी अवधारणापत्र तयार गर्नु पर्नेछ ।

(३) स्थानीय कानूनको संशोधनको लागि विधेयक मस्यौदा तयार गर्नु पर्ने भएमा संशोधन गर्नु परेको आधार र कारण सहितको संशोधनको मस्यौदा र तिन महले विवरण संलग्न गर्नु पर्नेछ ।

७. **प्रदेश सरकारको स्वार्थ रहेको विषयमा प्रदेश सरकारसँग परामर्श गर्नु पर्ने :**

स्थानीय तहले प्रदेश सरकारको स्वार्थ रहेको विषयमा विधेयक मस्यौदा तर्जुमा गर्दा सम्बन्धित प्रदेश सरकारसँग राय प्रतिक्रिया लिनु पर्नेछ ।

८. **मस्यौदामा वडा समित मार्फत सुझाब संकलन र परिमार्जन :**

(१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले विधेयक मस्यौदा तयार गरेपछि त्यस्तो विधेयकको मस्यौदामा सम्बन्धित वडा समिति मार्फत प्रत्येक वडामा सार्वजनिक सुनुवाई गरी स्थानीय स्तरमा सुझावको संकलन गर्नु पर्नेछ ।

तर स्थानीय तहले कर लगाउने विषयको विधेयक, स्थानीय सञ्चित कोषको विषय र स्थानीय राजश्व र व्ययको अनुमानसँग सम्बन्धित विधेयकको हकमा त्यस्तो विधेयकको मस्यौदा तयार नगरी सैद्धान्तिक रुपमा छलफल गराई सुझाव संकलन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको सुनुवाईमा प्राप्त हुन आएको सुझावहरु सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विधेयकको मस्यौदा उपर वडासमिति मार्फत प्राप्त हुन आएका सुझावहरुको अध्ययन गरी गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले विधेयकको मस्यौदालाई आवश्यक परिमार्जन गर्नु पर्नेछ ।

९. **मस्यौदा सभामा पेश गर्ने स्वीकृति** :

(१) दफा ८ को उपदफा (३) बमोजिम तयार गरिएको विधेयकको मस्यौदा सभामा पेश गर्ने स्वीकृतिको लागि सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको विधेयक मस्यौदा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको बैठकबाट सभामा पेश गर्न स्वीकृत प्राप्त भएपछि गाउँपालिकाको हकमा गाउँ कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको गाउँ कार्यपालिकाको कुनै सदस्यले र नगरपालिकाको हकमा नगर कार्यपालिका प्रमुख वा निजले तोकेको नगर कार्यपालिकाको कुनै सदस्यले सभामा पेश गर्नेछ ।

१०. **स्थानीय कार्यपालिकाको प्रमुखले विधेयक पेश गर्नु पर्ने विषयहरु :**

देहायका विषयमा स्थानीय कार्यपालिकाको प्रमुखले वा निजले अधिकार दिएको स्थानीय कार्यपालिकाको सदस्यले सभामा विधेयक पेश गर्न सक्नेछ :–

(क) स्थानीय शान्ति सुरक्षा वा नगर प्रहरी सम्बन्धी विषय,

(ख) स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलनलाई व्यवस्थित गर्ने विषय,

(ग) सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

(घ) सामाजिक सुरक्षा

(ङ) स्थानीय सञ्चित कोष वा अन्य कुनै स्थानीय कोषको संरक्षण गर्ने, त्यस्तो कोषमा रकम जम्मा गर्ने वा त्यस्तो कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम घटाउने, बढाउने वा खारेज गर्ने विषय,

(च) स्थानीय तहको आय व्यय सम्बन्धी विषय ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि,–

(१) "स्थानीय कार्यपालिकाको प्रमुख" भन्नाले गाउँपालिकाको हकमा गाउँकार्यपालिकाको अध्यक्ष र नगरपालिकाको हकमा नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(२) "स्थानीय कार्यपालिकाको सदस्य" भन्नाले गाउँपालिकाको हकमा गाउँकार्यपालिकाको सदस्य र नगरपालिकाको हकमा नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

११. **सभाको सदस्यले विधेयक पेश गर्न सक्ने** :

(१) यस ऐनको दफा १० मा उल्लेख गरिएका विषय बाहेक अन्य विषयमा सभाको कुनै पनि सदस्यले सभामा विधेयक पेश गन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकको हकमा दफा ८ को उपदफा (२) र (३) बमोजिमको सुझाब संकलन तथा परिमार्जनको काम त्यस्तो सदस्य आफैले गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम पेश गरिने विधेयकको हकमा दफा ९ बमोजिमको सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको स्वीकृति आवश्यक पर्ने छैन ।

१२. **विधेयक मस्यौदा सभामा पेश गर्दा संलग्न गर्नु पर्ने विवरण** :

सभामा पेश गर्ने विधेयकका साथमा देहायको विवरण संलग्न गर्नु पर्नेछ :–

(क) विधेयकको उद्देश्य र कारण सहितको विवरण,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने विस्तृत विवरण सहितको आर्थिक टिप्पणी,

(ग) कुनै विधेयकमा नियम बनाउने अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण, प्रत्यायोजित अधिकार अन्तर्गत बनाइने नियमको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी ।

१३. **प्रस्ताव पेश गर्न अधिकृत गर्न सकिने** : विधेयक प्रस्तुतकर्ता सदस्य सभामा स्वयं उपस्थित हुन असमर्थ भएमा प्रस्तुतकर्ता सदस्यले अधिकृत गरेको अन्य कुनै सदस्यलाई सो विधेयकको सम्बन्धमा प्रस्ताव पेश गर्न सभाको प्रमुखले अनुमति दिन सक्नेछ ।

परिच्छेद–३

गाउँ सभा वा नगरसभामा छलफल तथा परिमार्जन

१४. **मस्यौदा सभाका सदस्यहरुलाई वितरण :**

सभामा पेश गर्ने विधेयकको मस्यौदा सभामा पेश गर्नु भन्दा कम्तीमा दुई दिन अगावै सभाका सदस्यहरुलाई वितरण गर्नु पर्नेछ ।

१५. **सभामा विधेयक पेश गन :**

(१) दफा १४ बमोजिम विधेयक वितरण गरेपछि सभाको प्रमुखले निर्धारण गरेको कुनै दिनको सभाको बैठकमा विधेयक पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पेश गर्नु परेको कारण, विधेयकबाट गर्न खोजिएको व्यवस्था र त्यसबाट पर्नसक्ने प्रभावको बारेमा संक्षिप्त जानकारी दिदै विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सभामा पेश गर्न, पर्नेछ ।

(३) विधेयक पेश गर्ने अनुमति माग्ने, त्यस्तो अनुमतिको विरोधको सूचना र त्यसको निर्णय सम्बन्धी व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **विधेयकमा सामान्य छलफल गर्ने :**

(१) दफा १५ को उपदफा (२) बमोजिमको प्रस्तावमाथि छलफल हु‘‘दा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छलफल गर्दा विधेयकको मनसाय स्पष्ट गर्न आवश्यक देखिएमा बाहेक विधेयकका दफाहरूमाथि छलफल गरिने छैन र विधेयकमाथि कुनै संशोधन पेश गर्न सकिने छैन ।

१७. **विधेयक उपर संशोधनको लागि समय दिने:**

(१) विधेयकमा दफा १६ बमोजिम सामान्य छलफल समाप्त भएपछि विधेयक उपर संशोधन पेश गर्न चाहने सभाका सदस्यलाई संशोधन पेश गर्न सामान्य छलफल समाप्त भएको बहत्तर घण्टा समय दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सभाका सदस्यले आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सभाको सचिवलाई दिनु पनेछ ।

(३) सभाको सचिवले प्राप्त संशोधनहरूको विवरण सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

(४) विधेयक उपर संशोधन पेश गर्दा पालन गर्नु पर्ने शर्तहरु, संशोधन पेश गर्ने ढाँचा तथा संशोधनको क्रम तथा संशोधन फिर्ता लिने सम्बन्धी व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **विधेयक उपर दफाबार छलफल :**

(१) विधेयक माथि दफा १७ बमोजिमको संशोधन पेश गर्ने अवधि समाप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले देहायको कुनै एक प्रस्ताव प्रस्तुत गर्न सक्नेछ :-

(क) विधेयकमाथिको दफावार छलफल सभामा गरियोस भन्ने, वा

(ख) दफाबार छलफलको लागि विधेयकलाई सभाका समितिमा पठाइयोस ।

(२) विधेयक माथिको दफाबार छलफल सम्बन्धी अन्य प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **विधेयक उपर समितिमा छलफल :**

(१) दफा १८ बमोजिम दफाबार छलफल गर्न विधेयक समितिमा पठाइएकोमा समितिले त्यस्तो विधेयक उपर छलफल गर्दा विधेयकमा संशोधन पेश गर्ने सदस्यहरुलाई संशोधन पेश गरेको आधार र कारण समेत खुलाई आफनो संशोधनको विषयमा प्रष्ट गर्न समितिको बैठकमा समय दिनेछ ।

(२) उपदफा (१) बमोजिम संशोधनकर्ताले संशोधनको विषयमा आफनो धारणा राखेपछि समितिले पेश भएका संशोधनका विषयमा दफाबार छलफल गरी त्यस्तो संशोधन स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा विधेयक प्रस्तुतकर्ताको समेत राय लिई आवश्यक निर्णयमा पुग्नेछ ।

(३) समितिमा विधेयकमा हुने दफाबार छलफल तथा तत सम्बन्धी अन्य व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **समितिको प्रतिवेदन सभामा पेश गर्ने :**

र्सामतिमा विधेयकमाथि दफावार छलफल समाप्त भई नियम ७४ को कार्यविधि पूरा भएपछि त्यस्तो समितिले गरेको निर्णयको प्रतिवेदन तयार गरी समितिको प्रमुख वा निजको अनुपस्थितिमा निजले तोकेको समितिको अन्य कुनै सदस्यले प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्नेछ ।

२१. **समितिको प्रतिवेदन उपर सभामा छलफल :**

(१) समितिको प्रतिवेदन प्रस्तुत भएपछि त्यस्तो प्रतिवेदन सभाका सदस्यहरूलाई वितरण गरिनेछ ।

(२) सभाका प्रमुखले अन्यथा आदेश दिएमा बाहेक समितिको प्रतिवेदन वितरण भएको चौबीस घण्टापछिको कुनै समयमा विधेयक प्रस्तुतकर्ता सदस्यले प्रतिवेदन सहितको विधयकमाथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न सक्नेछ ।

(३) समितिको प्रतिवेदन सहितको विधेयकमा छलफल सम्बन्धी अन्य प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. **मस्यौदा पारित गर्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्ने :**

(१) सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा दफावार छलफल भएकोमा समितिको प्रतिवेदनमाथिको छलफल समाप्त भई संशोधनहरूलाई सभाको निर्णयार्थ क्रमशः पेश गरिसकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयकमा पेश भएका संशोधनहरूलाई सभाको निर्णयार्थ पेश गर्ने सम्बन्धी अन्य प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्तुतकर्ता सदस्यले पेश गरेको विधेयक पारित गरियोस भन्ने प्रस्ताव स्वीकृत भएमा विधेयक पारित भएको मानिनेछ ।

२३. **विधेयक फिर्ता लिन सक्ने :**

(१) विधेयक प्रस्तुतकता सदस्यले सभाको स्वीकृति लिई जुनसुकै अवस्थामा विधेयक फिर्ता लिन सक्नेछ ।

(२) विधेयक फिर्ता लिने प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **विधेयक दर्ता अभिलेख राख्ने :**

(१) सभाको सचिवले सभामा पेश हुन प्राप्त भएका प्रत्येक विधेयक दर्ता गरी त्यसमा सभामा भएको कारबाहीको अद्यावधिक लगत अभिलेख राख्नु पर्नेछ ।

(२) देहायको अवस्थामा विधेयकलाई सभाको दर्ता लगतबाट हटाइनेछ :-

(क) विधेयक सभाबाट अस्वीकृत भएमा,

(ख) विधेयक फिर्ता लिएमा,

(ग) दफा ११ बमोजिम पेश गरेको विधेयको हकमा त्यस्तो विधेयक प्रस्तुतकर्ता सदस्य सभाको सदस्य नरहेमा वा,

(घ) सभाको कार्यकाल ससमाप्त भएमा ।

(३) उपदफा (२) बमोजिम दर्ता लगतबाट हटाइएको विधेयकको सम्बन्धमा सभामा कुनै प्रस्ताव पेश गर्न सकिने छैन ।

परिच्छेद–४

प्रमाणिकरण तथा प्रकाशन

२५. **आनुषांगिक सुधार :**

सभाको प्रमुखले सभाबाट पारित भएको विधेयकमा आवश्यक देखेमा विधेयकका दफाहरूको संख्याको क्रम मिलाउने तथा भाषागत शुद्धतामा सीमित रही आवश्यक आनुषंगिक सुधार गर्न सक्नेछ ।

२६. **मस्यौदाको प्रमाणीकरणको लागि अद्यावधिक प्रति तयार पान :**

(१) दफा २२ बमोजिम सभाबाट पारित भएको विधेयकको मस्यौदालाई सभाको सचिवले पारित भएका संशोधन तथा आनुषंगिक सुधार भए त्यस्तो सुधार समेत मिलाई अद्यावधिक प्रति तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयकमा विधेयक पारित भएको मिति, विधेयकको वर्षगत नम्बर समेत उल्लेख गरी नेपाली कागजमा तीनप्रति छापी वा प्रिन्ट तयार गरी सभाको सचिवले प्रमाणीकरणको लागि सभाको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

२७. **मस्यौदाको प्रमाणीकरण र प्रकाशन तथा बिक्रि वितरण :**

(१) सभाबाट पारित भई दफा २६ को उपदफा (२) बमोजिम पेश भएको विधेयक सभाको प्रमुखले प्रमाणीकरण गर्नेछ । त्यसरी प्रमाणीकरण गर्दा मिति र विधेयकको पृष्ठ संख्या समेत खुलाउनु पर्नेछ ।

(२) सभाबाट पारित विधेयक उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि ऐन बन्नेछ ।

(३) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएको जानकारी सभामा दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रमाणीकरण गरिएको विधेयकको एक प्रति सभाको अभिलेखमा राखी अर्को एक-एक प्रति सम्बन्धित गाउँकार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय र प्रदेशको कानून विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रमाणीकरण गरिएको विधेयकको सम्बन्धित स्थानीय तहको वेव साईट भएमा त्यस्तो वेवसाईटमा समेत उपलब्ध गराउनु पर्नेछ । कसैले स्थानीय कानून खरिद गर्न चाहेमा स्थानीय तहको सम्बन्धित कार्यालयबाट लागत दस्तुर तिरी खरिद गर्न सकिने व्यवस्था समेत मिलाउनु पर्नेछ ।

परिच्छेद–५

विविध

२८. **समिति गठन गर्न सक्ने :**

(१) स्थानीय तहको कानूनको मस्यौदा तयार गर्न सहयोग गर्न तथा मस्यौदा तर्जुमा गर्नको लागि सभाले त्यस क्षेत्रमा रुची तथा ज्ञान भएका सभाका सदस्यहरु मध्येबाट एक कानून तर्जुमा समिति बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा स्थानीय तहमा उपलब्धभएससम्म कानूनको क्षेत्रमा ज्ञान भएका व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

२९. **स्थानीय कानूनको एकीकृत र अद्यावधिक अभिलेख :**

(१) प्रत्येक स्थानीय तहको सभाले अनुसूची बमोजिमको ढाँचामा सभाले निर्माण गरेका ऐनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको अतिरिक्त प्रत्येक गाउँ कार्यपालिका र नगर कार्यपालिकाले गाउँपालिका वा नगरपालिकाले बनाएका स्थानीय कानूनको वर्षगत र वर्णानुक्रममा अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ ।

(३) गाउँपालिका वा नगरपालिकाले बनाएका स्थानीय कानूनमा संशोधन भएमा त्यस्तो संशोधन समेत मिलाइ गाउ कार्यपालिका र नगर कार्यपालिकाले अद्यावधिक पाठ तयार गरी राख्नु पर्नेछ । त्यसरी अद्यावधिक गरिएको स्थानीय कानूनको पाठ सम्बन्धित स्थानीय तहको वेवसाईट भएमा त्यसमा समेत राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम राखिएको अभिलेख कसैले अवलोकन गर्न चाहेमा सुरक्षित रुपमा अवलोकन गर्न दिनु पर्नेछ ।

३०. **कानून निर्माण सम्बन्धी अन्य व्यवस्था :**

स्थानीय कानून निर्माण सम्बन्धी अन्य प्रक्रिया सम्बन्धित स्थानीय तह आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसूची

(दफा २८ को उपदफा (१) सँग सम्बन्धित)

(गाउँसभा र नगरसभाले निर्माण गरेका ऐनको अभिलेख राख्ने रजिष्टरका ढाँचा)

.... स्थानीय तह

..... गाउँसभा/नगरसभा

दर्ता नं.	दर्ता मिति	विधेयकको नाम	मूल/संशोधन	प्रस्तुतकर्ता	वितरण मिति	सभामा प्रस्तुत मिति	सामान्य छलफल	दफावार छलफल	पारित मिति	प्रमाणीकरण मिति	कैफियत
१											
२											
३											
४											
५											
६											
७											
८											

अभिलेख तयार गर्नेको,–
दस्तखतः
नाम, थर
पद :
मिति :

अभिलेख जाँच गर्नेका, –
दस्तखतः
नाम, थर
पद :
मिति :